**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिज कोलकातामा लगभग 18 हजार 6 सय 80 करोड रुपियाँका धेरै विकास परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुभयो।
- प्रधानमंत्री नरेन्द्र मोदीले आजदेखि शुरू हुने **'माई भारत बजट क्वेस्ट 2026'** प्रतियोगिताको राज्य अनि केंद्र शासित प्रदेश स्तरका विजेताहरुसित बातचित गर्नुहुनेछ।
- भारतले अफगानिस्तानको क्षेत्रमा पाकिस्तानको हवाई हमलाहरुको निंदा गरेको छ। यस हमलामा धेरै नागरिकहरुको मृतु भएको छ।
- ईरानका विदेश मंत्री अब्बास अराघचीले भन्नुभएको छ कि रणनीतिक रूपले महत्वपूर्ण होर्मुज़ जलडमरूमध्य अंतरराष्ट्रीय शिपिंगको लागि चालू छ तर अमरीका अनि इस्राएलसित सम्बन्धित जहाजहरुलाई यस जलमार्ग भएर जाने अनुमति दिईने छैन।
- मौसम विभागले आज चंडीगढ़, हरियाणा, पूर्वी उत्तर प्रदेश, पंजाब अनि उत्तराखंडमा गर्जन साथ आंधी, असिना पर्ने अनि तिब्र हावा चल्ने संभावना ब्येक्त गरेको छ जसको लागि **ऑरेंज अलर्ट** जारी गरिएको छ।
- भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले आज नयाँ दिल्लीमा 'नमन अवार्ड्स २०२६' को आयोजना गर्ने भएको छ।

**प्रधानमंत्री कोलकाता परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज कोलकातामा लगभग 18 हजार 6 सय 80 करोड रुपियाँका धेरै विकास परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुभयो।यस अवसरमा प्रधानमन्त्रीले भन्नुभयो यी सबै परियोजनाहरूले पश्चिम बंगाल राज्यलाई मात्र नभएर सम्पूर्ण पूर्वी क्षेत्रको विकासलाई नयाँ गति प्रदान गर्नेछ। सडक पूर्वाधारलाई बढ़ावा दिँदै, उहाँले लगभग 16 हजार 9 सय 90 करोड रुपियाँको लागतमा 420 किलोमिटर भन्दा अधिकको धेरै राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास गर्नुभयो। प्रधानमन्त्रीले धेरै नयाँ राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास पनि गर्नुभयो, जसमा एनएच-116ए को 231 किलोमिटर चार लेनको खड़गपुर-मोरग्राम आर्थिक करिडोर खण्डका पाँच प्याकेजहरू सामेल छन्।यो परियोजना खड़गपुर र सिलगडी बीचको आर्थिक करिडोरको एक हिस्सा हो र पश्चिम बंगालको पश्चिम मेदिनीपुर, बांकुरा, हुगली, पूर्वी वर्धमान, वीरभूम र मुर्शिदाबाद जिल्लाहरू हुँदै जानेछ। रेलवे क्षेत्रमा, प्रधानमन्त्रीले पुरुलिया-आनन्द विहार टर्मिनल (दिल्ली) एक्सप्रेसलाई हरियो झण्डा देखाउनुहुनेछ, जसले पश्चिम बंगाल, उत्तर प्रदेश, बिहार, झारखण्ड र राष्ट्रिय राजधानी क्षेत्र बीचको रेल सम्पर्कलाई सुदृढ बनाउनेछ।प्रधानमन्त्रीले अमृत स्टेशन योजना अन्तर्गत छवटा पुनर्विकसित रेलवे स्टेशनको उद्घाटन गर्नुभयो। यी स्टेशनहरूमा कामाख्यागुड़ी, आनारा, तमलुक, हल्दिया, बराभूम र सिउरी सामेल छन्।यी पहलहरूले पश्चिम बंगाल र पूर्वी भारतमा पूर्वाधारला

सुदृढी गर्नेछ, कनेक्टिभिटी बढाउने र आर्थिक विकासलाई तीव्र पार्ने सरकारको निरन्तर प्रतिबद्धतालाई दर्शाउँदछ।

## पीएम-माई भारत बजट

प्रधानमंत्री नरेन्द्र मोदीले आजदेखि शुरू हुने **'माई भारत बजट क्वेस्ट 2026'** प्रतियोगिताको राज्य अनि केंद्र शासित प्रदेश स्तरका विजेताहरुसित बातचित गर्नुहुनेछ। यस पहलको उद्देश्य युवाहरुलाई केंद्रीय बजट माथि चर्चा गर्ने अनि विकसित भारतको निर्माण माथि आफ्नो विचार साझा गर्नको लागि प्रोत्साहन दिनु हो। 'माई भारत बजट प्रतियोगिता 2026' लाई युवाहरुबाट धेरै राम्रो प्रतिक्रिया प्राप्त भैरहेको छ। यस प्रतियोगितामा 12 लाख भन्दा अधिक युवा प्रतिभागिहरुले भाग लिए अनि 47 हजार निबंध जमा गरिएको छ। केंद्रीय बजट 2026 लाई व्यापक रूपमा युवा शक्ति-प्रेरित बजट मनिन्दैछ। बजट -शिक्षा, कौशल विकास, उद्यमिता, नवाचार अनि भविष्यको लागि तैयार विकासका अवसरहरुमा निवेशको माध्यमद्वारा देशका युवाहरुलाई सशक्त बनाउने बिषय माथि विशेष बल दिदछ। यस संदर्भमा , माय भारत प्लेटफॉर्ममा आयोजित माय भारत बजट क्वेस्ट 2026 एउटा अनौठो पहलको रूपमा अघि आएको छ।

## विदेश मंत्रालय - पाकिस्तान-अफगानिस्तान

भारतले अफगानिस्तानको क्षेत्रमा पाकिस्तानको हवाई हमलाहरुको निंदा गरेको छ। यस हमलामा धेरै नागरिकहरुको मृतु भएको छ। सोशल मीडिया पोस्टमा विदेश मंत्रालयका प्रवक्ता रणधीर जायसवालली भन्नुभयो कि यो पाकिस्तानीको तर्फबाट अझ एउटा आक्रामक कार्रवाही हो जसले संप्रभु अफगानिस्तानको अवधारणा प्रति उसको शत्रुतापूर्ण सोचलाई दर्शाउदछ। उहाले भन्नुभयो कि भारतले यस कुरालाई दोहोर्याउदछ कि अफगानिस्तानको संप्रभुता अनि क्षेत्रीय अखंडताको पूरा सम्मान गर्न पर्नेछ।

## अराघची - होर्मुज़ जलडमरूमध्य

ईरानका विदेश मंत्री अब्बास अराघचीले भन्नुभएको छ कि रणनीतिक रूपले महत्वपूर्ण होर्मुज़ जलडमरूमध्य अंतरराष्ट्रीय शिपिंगको लागि चालू छ तर अमरीका अनि इस्राएलसित सम्बन्धित जहाजहरुलाई यस जलमार्ग भएर जाने अनुमति दिईने छैन। उहाको यो टिप्पणी हालैमा भएको सैन्य घटनाक्रमहरु पछि क्षेत्रमा बढ़दो तनाव बीच आएको हो। एक अमरीकी चैनललाई दिईएको इंटरव्यूमा अराघचीले भन्नुभयो कि यो समुद्री मार्ग पूर्ण रुपमा बंद गरिएको छैन। ईरानी मंत्रीको यो दावी यस्तो समयमा आएको छ जब फ़ारसी खाड़ी अनि ओमानको खाड़ी बीच यस समुद्री मार्गमा सैकडऔ जहाज़फसेका छन् जसमा धेरै भारतीय जहाज़ पनि सामेल छन्। उहाले जोर दिंदै भन्नुभयो कि अन्य देशहरुको जहाजलाई यस मार्ग भएर जाने अनुमति छ। मंत्रीले यो पनि संकेत दिनुभयो कि केहि शिपिंग कंपनिहरुले पूर्ण रुपमा नाकाबंदीको कारण होइन तर सुरक्षा चिंताहरुको कारण यस क्षेत्रबाट बाच्ने विकल्प चुनिरहेका छन्। बढ़दो तनाव बीच पनि धेरै टैंकर अनि मालवाहक जहाज़हरु अझै पनि यस जलडमरूमध्य भएर गैरहेको उहाले अझ बताउनुभयो।

## भारतीय नौसेना युद्धपोत

भारतीय नौसेनाको धेरै युद्धपोतहरुलाई फ़ारसी खाड़ी नजिक तैनात गरिएको छ अनि ती युद्धपोतहरु भारततर्फ आउने व्यापारिक जहाजहरुको सहयोगको लागि तैयार छन्। सूत्रहरु अनुसार, भारतीय नौसेनाको युद्धपोत व्यापारिक जहाजहरु आवश्यकता परेको खण्डमा सहायता दिनको पगी तैयार छ। आज यस भन्दा पुर्व ईरानी अधिकारिहरुले लिक्विफाइड पेट्रोलियम गैस (LPG) लिएर गैरहेको दुई वटा जहाजहरुलाई होर्मुज़ जलडमरूमध्य भएर जाने अनुमति दिएको छ। यस मद्धे एक जहाज़ 'शिवालिक' हो जसलाई आवाजाही माथि नज़र राख्ने साइट अनुसार, ओमानको खाड़ीमा देखिएको थियो अनि आगामी 21 मार्च सम्ममा आफ्नो गंतव्य सम्म पुग्ने आशा छ।

## संशो ट्रम्प-होर्मुज जलडमरूमध्य

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले तेहरानलाई स्ट्रेट अफ हर्मुजको सुरक्षाका लागि प्रभावित देशहरूमा युद्धपोत पठाउन

आग्रह गर्नुभएको छ। इरानसँगको युद्ध अब तेस्रो हप्तामा पुगेको छ। सोशल मिडिया पोस्टमा ट्रम्पले चीन, फ्रान्स, जापान, दक्षिण कोरिया र बेलायतसहित अन्य देशहरूलाई आफ्ना युद्धपोत होर्मुजमा पठाउन आग्रह गरेका छन्।उहाले अमेरिका तटीय क्षेत्रमा बमबारी जारी राख्ने र इरानी पानीजहाज र डुंगालाई निसाना बनाउने बताए।२८ फेब्रुअरीदेखि अमेरिका र इजरायलले इरानमाथि ठूलो संयुक्त आक्रमण सुरु गरेका थिए र इरानको जवाफी कारबाहीसँगै यो अहिले पूरै खाडी क्षेत्रमा फैलिसकेको छ। होर्मुजमा इरानी आक्रमणले स्ट्रेटमा समुद्री यातायातलाई असर गरेको छ, जुन कच्चा तेल र ऊर्जा आपूर्तिको विश्वव्यापी आपूर्ति श्रृंखलाको लागि अत्यन्त महत्त्वपूर्ण छ। ट्रम्पले अमेरिकाले इरानको सैन्य क्षमतालाई पूर्ण रुपमा नष्ट गरेको दाबी गरेका छन्। इरानले पर्सियन खाडी र ओमानको खाडी बीचको साँघुरो समुद्री यातायात मार्ग स्ट्रेट अफ हर्मुजलाई लगभग अवरुद्ध गरेपछि विश्वव्यापी तेल र ग्यासको मूल्य बढेको छ।

**सिक्किम फिल्म**

सिक्किमको चलचित्र **'शेप ऑफ मोमो' ले** अंतरराष्ट्रीय फिल्म समारोहहरुमा लगातार सफलता प्राप्त गरिरहेको छ। यो फिल्म ग्लासगो फिल्म फेस्टिवलमा प्रदर्शित भए पछि अब यस फिल्मको चयन यूरोपका अन्य धेरै फिल्म महोत्सवहरुमा पनि गरिएको छ।

**श्रीलंका - क्यूआर कोड**

श्रीलंकाका ऊर्जा मंत्रालयली घोषणा गरेको छ कि आज बिहान 6 बजे देखि तेल भर्ने सबै वाहनहरुको लागि क्यूआर कोड पंजीकरण अनिवार्य गरिएको छ।

**क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई)**

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले आज नयाँ दिल्लीमा 'नमन अवार्ड्स २०२६' को आयोजना गर्ने भएको छ। भारतीय क्रिकेट बोर्डका पूर्व कप्तान रोजर बिन्नी र राहुल द्रविडलाई कर्णेल सीके नायडू लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गरिने भएको छ। भारतीय महिला क्रिकेट टिमकी पूर्व कप्तान मिताली राजलाई बिसिसिआईको लाइफटाइम अचिभमेन्ट अवार्डबाट सम्मानित गरिने भएको छ। नमन अवार्डले बर्ष २०२४–२५ को क्रिकेट सिजनमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई पनि सम्मान गर्नेछ।

**मौसम**

मौसम विभागले आज चंडीगढ़, हरियाणा, पूर्वी उत्तर प्रदेश, पंजाब अनि उत्तराखंडमा गर्जन साथ आंधी, असिना पर्ने अनि तिब्र हावा चल्ने संभावना ब्येक्त गरेको छ जसको लागि **ऑरेंज अलर्ट** जारी गरिएको छ। अरुणाचल प्रदेश, असम, मेघालय, ओडिशा, तेलंगाना, विदर्भ अनि पश्चिमी मध्य प्रदेशमा पनि यस्तै स्थिति रहने अनुमान छ। राष्ट्रीय राजधानी दिल्लीमा पनि गर्जन साथ तिब्र हावा चल्ने सम्भावना छ जसको लागि **येलो अलर्ट** जारी गरिएको छ।यसै बीच, जम्मू-कश्मीर, लद्दाख, गिलगित, बाल्टिस्तान अनि मुजफ्फरबादमा पनि असिना पर्ने ,तिब्र हावा चल्ने अनि गर्जन साथ वर्षा हुने संभावना छ।